# सिन्धुली जिल्लाका स्थानीय तहमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतहरुको

## संयुक्त प्रेस-विज्ञप्ति

मिति २०८० साल असार १४ गते बिहीबारका दिन सिन्धुली जिल्ला गोलञ्जोर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री शम्भु प्रसाद पौडेल माथि राष्ट्रसेवक कर्मचारीको रुपमा कर्तव्य निर्वाहको क्रममा अमर्यादित, अशोभनीय एवं अवाञ्छित ढंगले सोही गाउँपालिका अन्तर्गतको वडा नं. ०२ का वडाध्यक्ष श्री दौलत कार्कीले हातपात एवं अभद्र व्यवहार तथा अपमानजनक शब्दहरु प्रयोग गरेको घटनाप्रति हामी सिन्धुली जिल्लाका स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुको गम्भीर आपत्ति सहित ध्यानाकर्षण भएको छ ।

कानुनलाई हातमा लिई कर्तव्य निर्वाहको क्रममा एक राष्ट्रसेवक कर्मचारीप्रति भएको अभद्र, अपमानजनक व्यवहार एवं साङ्घातिक हमला तथा अपराधिक क्रियाकलापको घोर निन्दा र भत्सर्ना गर्दछौं ।

कुनै पनि विवाद र समस्याको सन्दर्भमा आफ्नो फरक मत एवं विचार प्रक्रियागत तथा कानुनसम्मत ढंगबाट स्वतन्त्रतापूर्वक राख्ने सरोकारवाला निकायहरु हुँदा-हुँदै उल्लिखित अवाञ्छित क्रियाकलाप कानुनतः दण्डनीय भएको तथा कानुनलाई हातमा लिने छुट कोही कसैलाई पनि नभएकोले सो निन्दनीय घटनाको सत्यतथ्य छानबीन गरी दोषीलाई कानुन बमोजिम कडा भन्दा कडा कार्बाही गर्न जिल्ला प्रशासन कार्यालय सिन्धुली मार्फत् नेपाल सरकारको सरोकारवाला निकायहरु समक्ष जोडदार माग गर्दछौं ।

राष्ट्रसेवक कर्मचारीका आत्मसम्मान, आत्मविश्वास एवं उच्च मनोबललाई निरुत्साहित गरी सेवा प्रवाहलाई प्रभावित पार्ने तथा व्यक्तिगत स्वार्थ सिद्धिका लागि राष्ट्रसेवक कर्मचारीहरुप्रति गरिने यी र यस्ता प्रकृतिका अराजक गतिविधि आगामी दिनमा नगर्न, नगराउन एवं समग्र सिन्धुली जिल्लालाई शान्त, सभ्य, सुसंस्कृत तथा कर्मचारी कार्यवातावरण मैत्री जिल्लाको रुपमा परिचित गराउन सबै राजनीतिक दल, जनप्रतिनिधि लगायतका सरोकारवालाहरुमा हार्दिक अपिल गर्दछौं ।

अन्यथा, घटनालाई राजनीतिक रंग दिई अतिरञ्जित बनाई विभिन्न बहानामा दोषीलाई उम्काउने प्रयास र कार्य भएमा अन्य विकल्पहरु चरणबद्ध रुपमा अबलम्बन गर्न बाध्य हुने विशेष ध्यानाकर्षण गराउँदछौं ।

..........................
सुर्य प्रसाद दाहाल
प्र.प्र.अ. कमलामाई नगरपालिका

..........................
दिपक ढकाल
प्र.प्र.अ. दुधौली नगरपालिका

..........................
दाताराम प्याकुरेल
प्र.प्र.अ. हरिहरपुरगढी गाउँपालिका

..........................
ओम बहादुर दर्जी
प्र.प्र.अ. मरिण गाउँपालिका

..........................
राम कुमार कार्की
प्र.प्र.अ. घ्याङलेख गाउँपालिका

..........................
अर्जुन दर्जी
प्र.प्र.अ. सुनकोशी गाउँपालिका

..........................
राजेन्द्र कार्की
प्र.प्र.अ. फिक्कल गाउँपालिका

..........................
सन्तोष घिमिरे
प्र.प्र.अ. तीनपाटन गाउँपालिका